# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ५६) काठमाडौं, वैशाख २५ गते २०६३ साल (संख्या २

## भाग ३

### श्री ५ को सरकार

### कृषि तथा सहकारी मन्त्रालयको सूचना

श्री ५ को सरकारले बीउ बिजन ऐन, २०४५ को दफा १६ ले दिएको अधिकार प्रयोग गरी देहायबमोजिमका कार्यालयको देहायबमोजिमका अधिकृतहरूलाई देहायबमोजिम बीउ बिजन निरीक्षक तथा बीउ बिजन विश्लेषकमा तोकेकोले यो सूचना प्रकाशन गरिएको छः–

१) बीउ बिजन गुणस्तर नियन्त्रण केन्द्रको पन्जिकरण (रजिष्ट्रेशन) र प्रमाणिकरण (सर्टिफिकेशन) शाखामा कार्यरत वरिष्ठ बीउ विकास अधिकृत, बीउ विकास अधिकृत तथा बागवानी विकास अधिकृतलाई बीउ बिजन निरीक्षकमा,

२) बीउ बिजन गुणस्तर नियन्त्रण केन्द्रको प्रयोगशाला शाखामा कार्यरत वरिष्ठ बीउ विकास अधिकृत तथा बीउ विकास अधिकृतलाई बीउ बिजन विश्लेषकमा,

३) क्षेत्रीय बीउ बिजन प्रयोगशालाहरूमा कार्यरत बाली विकास अधिकृतहरूलाई बीउ बिजन निरीक्षक र बीउ बिजन विश्लेषकमा,

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४) जिल्ला कृषि विकास कार्यालयहरूमध्ये बाली विकास अधिकृत रहेको जिल्लाहरूको हकमा निजलाई र बाली विकास अधिकृत नरहेको जिल्लाहरूको हकमा बागवानी विकास अधिकृतलाई बीउ बिजन निरीक्षकमा ।

खण्ड ४६, संख्या २८, मिति २०५३।७।१२ को नेपाल राजपत्र भाग ३ मा प्रकाशित तत्कालीन कृषि मन्त्रालयको सूचना ३ खारेज गरिएको छ।

आज्ञाले,
गणेशकुमार के. सी.
श्री ५ को सरकारको सचिव



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रु. ५।–
गो. द. नं. १६।०६२।६३

03

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।